# युनियन हाइड्रोपावर कम्पनी लिमिटेड

**बिक्रम सम्बत २०७८ साल पौष २७ गते मंगलवारका दिन**
**कम्पनीको केन्द्रीय कार्यालय, धोबिघाट,ललितपुरमा सम्पन्न भएको**
**पन्ध्रौ वार्षिक साधारण सभाको निर्णय पुस्तिका।**

१. **पृष्ठभूमी**

युनियन हाइड्रोपावर लिमिटेड कम्पनीको पन्ध्रौ वार्षिक साधारण सभा मिति २०७८/०९/२७ गते तद्अनुसार जनवरी ११, २०२२ का दिन कम्पनीको केन्द्रीय कार्यालय, धोविघाट, ललितपुरमा सम्पन्न भएको थियो। विश्वमा फैलिई रहेको कोभिड-१९ महामारीको कारणले ०७७/७८ वार्षिक साधारण सभा कम्पनीको हितलाई समेत ध्यानमा राखी नेपाल सरकारले तोकेका स्वास्थ्य सुरक्षा मापदण्ड अवलम्बन गरी भिडभाड नहुने गरी मात्र साधारण सभा सञ्चालन गर्नु पर्ने परिस्थीती सृजना भएकाले शेयरधनी महानुभावले साधारण सभामा भाग लिंदा बिद्युतिय माध्यम Virtual Zoom जुम Application बाट साधारण सभामा भाग लिन सकिने व्यवस्था गरी शेयरधनीहरुलाई सोही अनुसार सभामा भाग लिइदिन अनुरोध समेत गरिएको थियो। सञ्चालक समितिका सदस्यहरु कम्पनीको कार्यालयमा उपस्थित भई सभा सञ्चालन गरिएको थियो। कम्पनी सचिवले साधारण सभामा सहभागि हुन कम्पनीमा उपस्थित सञ्चालक समितिका अध्यक्ष, सदस्यहरु, शेयरधनीहरु तथा कम्पनीका पदाधिकारीहरु एवं बिद्युतिय माध्यमद्वारा सहभागि भएका शेयरधनीहरुलाई यथा स्थानमा आसन ग्रहण गर्न अनुरोध गर्नुका साथै प्रबन्ध संचालक श्री अभिज्ञा मल्लले सबैलाई पन्ध्रौ वार्षिक साधारण सभामा हार्दिक स्वागत गर्नु भएको थियो। साधारण सभाको अध्यक्षता कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री रामजी प्रसाद कोइरालाज्यूले गर्नुभएको थियो। अध्यक्षज्यूको अनुमति र शेयरधनीहरुको सहमती पश्चात सभा सञ्चालन भएको थियो। साधारण सभामा अध्यक्षज्यूले आ.व.२०७७/०७८ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो। तत्पश्चात साधारण सभामा छलफलका लागि निर्धारित विषयहरु उपर छलफल गरी निर्णय भएको थियो। साधारण सभा विहान ११:०० बजे शुरु भई निर्धारित बिषय सूची अनुसारका विषयमा छलफल तथा निर्णय गरी दिनको १:३० बजे समापन भएको थियो।

(क) **सभाको सूचना तथा प्रकाशन** :

(अ) पन्ध्रौं वार्षिक साधारण सभाको सूचना,२०७८ साल असार मसान्त सम्मको वासलात,नाफा/नोक्सान हिसाब र नगद प्रवाह बिवरण सहितको वार्षिक प्रतिवेदन कम्पनीको वेभ साइट www.unionhydropower.com.np मा राखिएको बारेमा सबै शेयरधनिहरुलाई जानकारी गराइएको थियो।

(आ) पन्ध्रौं वार्षिक साधारण सभाको सूचना मिति २०७८/०९/०६ को आर्थिक अभियान दैनिकमा प्रकाशित गरिएको थियो।

(ख) **उपस्थिति** :

(अ) **संचालकहरुको उपस्थिति** :

| | |
|---|---|
| श्री रामजी प्रसाद कोइराला | अध्यक्ष |
| श्री अभिज्ञा मल्ल | प्रबन्ध संचालक, |
| श्री तारानाथ सापकोटा | संचालक, |
| श्री विष्णु प्रसाद पाण्डे | संचालक, |
| श्री हरि प्रसाद पराजुली | संचालक, |
| श्री श्रद्धा पराजुली | संचालक, |
| श्री सुदिप खड्का | स्वतन्त्र संचालक |

(आ) **शेयरधनिहरुको उपस्थिति** :

| | |
|---|---|
| श्री किरण मल्ल | शेयरधनी, संस्थापक समुह |
| श्री शालिकराम घिमिरे | शेयरधनी, संस्थापक समुह (विद्युतीय माध्यमबाट) |

श्री स्नेहलता मल्ल — शेयरधनी ,संस्थापक समुह

श्री सुरेन्द्र कुँवर — शेयरधनी, संस्थापक समुह

श्री प्रतिमा शाह — शेयरधनी, संस्थापक समुह

श्री डम्वरु वल्लभ घिमिरे — शेयरधनी, सर्वसाधारण समुह

श्री शिव प्रसाद पौडेल — शेयरधनी, सर्वसाधारण समुह

श्री विनोद वज्राचार्य — शेयरधनी, सर्वसाधारण समुह

श्री शत्रुधन श्रेष्ठ — शेयरधनी, सर्वसाधारण समुह

श्री मंजित खनाल — शेयरधनी, सर्वसाधारण समुह (विद्युतीय माध्यमबाट)

(इ) **पदाधिकारीको उपस्थिति :-**

श्री गणेश जिरेल, प्रमुख कार्यकारी अधिकृत — युनियन हाइड्रोपावर लि.

श्री हरि वंश भण्डारी, कम्पनी सचिव — युनियन हाइड्रोपावर लि.

श्री निल बहादुर सारु मगर — लेखापरिक्षक (विद्युतीय माध्यमबाट)

श्री अतिस श्रेष्ठ — लक्ष्मी क्यापिटल मार्केट लि.,शेयर रजिष्ट्रार

(ई) **शेयरधनीहरुको उपस्थिति :**

१. स्वंय उपस्थिति २५ जना (संस्थागत शेयरधनीको प्रतिनिधी समेत)

२. प्रतिनिधी तथा बिद्युतिय माध्यम Virtual (Zoom App.)द्वारा उपस्थित ४८६ जना ।

(ग) **सभामा छलफलका लागि प्रस्ताव गरिएका विषयहरु :**

**साधारण सभामा निम्न विषयहरु छलफल तथा निर्णयका लागि प्रस्तुत गरिएका थिए :**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा आ.व.२०७७/०७८ को वार्षिक प्रतिवेदन प्रस्तुत, छलफल तथा स्विकृत गर्ने सम्बन्धमा ।
२. लेखा परीक्षणको प्रतिवेदन सहित आ.व.२०७७/०७८ को वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह लगायतका वित्तिय विवरणहरु माथी छलफल तथा स्वीकृत गर्ने सम्बन्धमा ।
३. आ.व.२०७८/०७९ को लागि लेखापरिक्षकको नियूक्ति तथा निजको पारिश्रमिक निर्धारण सम्बन्धमा ।
४. प्रबन्ध संचालकको नियुक्ती र पारिश्रमिक अनुमोदन सम्बन्धमा ।
५. विविध ।

**गणपुरक संख्या तथा शेयर संख्याको प्रतिनिधित्व**

| विवरण | स्वयः उपस्थित शेयर कित्ता | प्रतिनिधि तथा Zoom बाट उपस्थीत | जम्मा उपस्थिति | शेयरकोअनुपातमा प्रतिनिधित्वको उपस्थितिको प्रतिशत |
|---|---|---|---|---|
| शेयर कित्ता संख्या | १०५०८५० | २८५८७३५ | ३९०९५८५ | ५२.१३ |

२. **सभाको वैधानिकता:**

साधारण सभा सञ्चालन गर्नको लागि कम्पनी ऐन, २०६३ तथा कम्पनीको नियमावलीमा भएको व्यवस्था अनुसारको गणपुरक संख्या पुगेको कुरा जानकारी गराउँदै सभा प्रारम्भ गर्न अनुमति माग गर्दा उपस्थित शेयरधनीहरुको सभाबाट गणपुरक संख्या पुगेको र सभा रितपूर्वक बोलाइएको ठहर गरी विधिवत रुपमा बैठक सञ्चालन गर्ने निर्णय भयो । यस वार्षिक साधारण सभाको अध्यक्षता कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री रामजी प्रसाद कोइरालाज्यूले गर्नु हुने कुरा पनि सभामा जानकारी गराईयो । त्यसपछि विषयसूची अनुसार सभाको कार्यक्रम प्रारम्भ भयो ।

३. **सभा सञ्चालन तथा प्रस्ताव उपर छलफल:**

विषयसूची अनुसार साधारण सभाको कार्यक्रम सञ्चालन भएपछि सञ्चालक समितिका अध्यक्ष श्री किरण मल्लज्युलाई कम्पनीको वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्न अनुरोध गरियो । तत्पश्चात अध्यक्षले सञ्चालक समितिका तर्फबाट आ.व.२०७७/०७८ को वार्षिक प्रतिवेदन साधारण सभा समक्ष प्रस्तुत गर्नुभयो । अध्यक्षबाट वार्षिक प्रतिवेदन प्रस्तुत भएपछि सो प्रतिवेदन तथा उहाँहरुलाई उपलब्ध गराइएको लेखापरीक्षण प्रतिवेदन सहितको आ.व.२०७७/०७८ को आर्थिक विवरणमा (२०७८ साल आषाढ मसान्तको वासलात तथा आ.व.२०७७/०७८ को नाफा/(नोक्सान) हिसाब र नगद प्रवाह विवरण समेत) मा आफ्नो राय, प्रतिक्रिया तथा सुझाव राख्न तथा सो सम्बन्धमा छलफल गर्न शेयरधनीहरुलाई अनुरोध गरिएकोमा निम्न सेयरधनीहरुले निम्नानुसारको राय, प्रतिक्रिया तथा सुझाव दिनु भएको थियो ।

१ सुरेन्द्र कुँवर:-

विश्वमा फैलिएको कोरोना भाइरसको कारणले वार्षिक साधारण सभामा शेयरहोल्डरहरुको भौतिक उपस्थिती गर्न कठिन भएको अवस्थामा पनि प्रविधिको भर मग्दुर प्रयोगको माध्यमवाट वार्षिक साधारण सभा गर्न सफल हुनु भएको हुँदा संचालक समितिलाई धन्यवाद दिदै आगामी वार्षिक साधारण सभा पनि यसै गरी निधारित समयमा गर्नका लागी पहल गर्न कर्मचारी तथा संचालक समितिलाई अनुरोध गदर्छु । साथै यस कम्पनीले राम्रो गरी छोटो समयमा शेयरहोल्डरहरुलाई वोनस दिन सफल होस भन्ने शुभकामना व्यक्त गर्न चाहान्छु ।

२ डम्वरु वल्लभ घिमिर:-

यस वार्षिक साधारण सभामा मेरा भनाइ राख्ने मौका दिनु भएकोमा अध्यक्षज्यु लगायत हाल बहाल रहेको संचालक समितिलाई धन्यवाद दिन चाहान्छु । साथै आगामी वार्षिक साधारण सभामा भौतिक उपस्थितीलाई ध्यान दिइयोस् । वार्षिक साधारण सभा यथा समयमा गर्ने प्रयास गरीयोस । नयाँ आयोजनाको काम अगाडी वढाई सोवाट हुने आम्दानीवाट शेयरहोल्डरहरुलाई चाडो वोनस दिने प्रयासमा लाग्नका लागी संचालक समितिले थप प्रयास गरोस भनि शुभकामना व्यक्त गर्न चाहान्छु ।

३ शिव प्रसाद पौडेल:-

यस कम्पनीको १५ औ वार्षिक साधारण सभामा मेरो आफ्नो भनाई राख्ने मौका दिनु भएकोमा अध्यक्षज्यु लगायत हाल बहाल रहेको संचालक समितिलाई धन्यवाद दिन चाहान्छु । साथै कम्पनीको स्तर उन्नतीको लागी संचालक समितिले अन्य दुई आयोजनामा लगानी गरी काम गरी रहेकोमा धन्यवाद दिने र आयोजना रहेको स्थानमा रहेको खाली जग्गा कम्पनीको आर्थिक उन्नतीको लागी प्रयोग गरीयोस् । आगामी वार्षिक साधारण सभामा यस परियोजनाको कामको श्रव्य दृस्य क्लिप निर्माण गरी देखाइयोस ।

४ विनोद वज्राचार्य:-

यस कम्पनीको १५ औ वार्षिक साधारण सभामा मेरो आफ्नो भनाई राख्ने मौका दिनु भएकोमा अध्यक्षज्यु लगायत हाल बहाल रहेको संचालक समितिलाई धन्यवाद दिन चाहान्छु । साथै आगामी वर्षको साधारण सभा यथा समयमा गरीयोस ।

५ शत्रुधन श्रेष्ठ:-

यस वार्षिक साधारण सभामा मेरा भनाइ राख्ने मौका दिनु भएकोमा अध्यक्षज्यू लगायत संचालक समितिलाई धन्यवाद दिन चाहन्छु । साथै यस वार्षिक साधारण समयमा गर्नु भएकोमा धन्यबाद दिदै लगानीकर्ताहरुले लाभांशको लागि नै लगानी गर्ने भएकाले त्यसको लागि योजना बनाई अगाडी बढ्न सुझाव दिन चाहन्छु ।

३ **संचालक समितिका अध्यक्षज्युको जवाफ:**

यस वार्षिक साधारण सभामा शेयरधनी महानुभावहरुले मन्तव्य राख्ने कममा राखेका जिगासाहरुलाई स्पष्ट गरीदिनका लागी सचालक समितीका अध्यक्ष श्री रामजी प्रसाद कोइरालाज्युलाई आग्रह गरीयो ।

अध्यक्ष श्री रामजी प्रसाद कोइराला :-

विश्वमा फैलिएको कोरोना भाइरसको कारणले वार्षिक साधारण सभामा सबै हशेयरहोल्डरहरुलाई भौतिक रुपमा उपस्थित गराउन कठिन भएको व्यहोरा विधितै छ । यसरी यस कम्पनीको पन्ध्रौ वार्षिक साधारण सभा सबै शेयरधनि महानुभावको भौतिक उपस्थितीमा वार्षिक साधारण सभा गर्ने प्रवल इच्छा हुँदा हुदै पनि सो इच्छा पुरा हुन नसके पनि आउने साधारण सभामा भौतिक उपस्थितीमा गर्ने गरी यस परिस्थीतीमा पविर्तन आओस सोही अनुसार यस कम्पनीको शेयरधनि माहानुभावहरुलाई स्वागत गरी साधारण सभा गर्ने प्रतिवद्धता सहित यस कम्पनीको उतरोत्तर प्रगतिको कामना गर्दै विशम परिस्थीको आकलन गरी प्रविधिको प्रयोग गरी virtual (Zoom App) मार्फत सहभागी भई कम्पनीको हकमा आफुलाई लागेको जिज्ञासा रादिनु भएकोमा उक्त जिज्ञासाहरुको वारेमा छलफल समेत गरी जिज्ञासाको समाधान गर्ने प्रयास गरेको छु । साथै यस्तो विसम परिस्थतीमा पनि आफ्नो समय तथा प्रविधिको प्रयोग गरी सहभागी भइ दिई कम्पनीको वार्षिक साधारणको गरीमा वढाइ दिनुभएको साथै कम्पनीको उन्नती र प्रगतिको ख्याल राखि दिनु भएका सुझावको उच्च आदर सम्मानका साथ सबैलाई धन्यवाद दिन चाहान्छु ।

४. **प्रस्ताव तथा निर्णयहरुः**

**विषय सूचि अनुसार निर्णयार्थ पेश भएका निम्न प्रस्तावहरुमा सभाले निम्न बमोजिम निर्णय गऱ्योः**

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्ष श्री रामजी प्रसाद कोइरालाज्यूले साधारण सभाको हलमा प्रस्तुत गर्नुभएको आ.व.२०७७/०७८ को वार्षिक प्रतिवेदन उपर छलफल भै त्यसमा उपर उठेका सुझाव एवं जिज्ञासाहरु सम्बन्धमा अध्यक्षज्युबाट स्पष्ट पारी सकिएको हुँदा उक्त प्रतिवेदन पारित गरियोस् भनी सभा समक्ष प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहित कम्पनीको २०७८ साल आषाढ मसान्तको वासलात, नाफा/नोक्सान हिसाब र नगद प्रवाह बिवरण सहितको आर्थिक बिवरणहरु साधारण सभाको विषय सूचीसंगै शेयरधनीहरुलाई उपलब्ध गराइएको र उक्त वासलात, नाफा,नोक्सान हिसाब तथा नगद प्रवाह बिवरण सहितको आ.व.२०७७/०७८ को आर्थिक विवरण उपर छलफल भई उठेका जिज्ञासाहरुलाई स्पष्ट गर्ने कार्य पनि सकिएकाले उक्त आर्थिक प्रतिवेदन पारितको लागी कम्पनीको तर्फवाट कम्पनी सचिवबाट सभा समक्ष प्रस्ताव गरिएकोमा सभाबाट उक्त आर्थिक बिवरणहरु सहितको लेखा परिक्षण प्रतिवेदन सर्वसम्मतिबाट पारित गरीयो ।

(३) कम्पनी ऐन, २०६३ मा व्यवस्था भए बमोजिम सोही ऐन बमोजिम संचालक समितिवाट लेखापरीक्षकको नियुक्ति सम्बन्धमा गरेको सिफारिसको जानकारी गराउँदै संचालक समितिको तर्फबाट कम्पनीको आ.व. २०७८/०७९ को हिसाब किताव लेखापरीक्षण गर्न लेखापरीक्षक श्री सि.एम.एण्ड एसोसियट्स,चार्टड एकाउण्टेन्ट्स (C.M. & Associates, Chartered Accountants ) लाई प्रस्ताव गर्ने निर्णय भएको व्यहोरा सञ्चालक अध्यक्ष श्री रामजी प्रसाद कोइरालाज्युले सभा समक्ष प्रस्तुत गर्नु भएको आ.व.२०७८/०७९ को कम्पनीको हिसाब किताबको लेखापरीक्षण गर्न प्रस्ताव गरिए बमोजिम लेखापरीक्षक श्री सि.एम.एण्ड एसोसियट्स,चार्टड एकाउण्टेन्ट्स (C.M. & Associates, Chartered Accountants) लाई नियुक्त गर्ने र लेखापरीक्षण शुल्क (पारिश्रमिक) समेत कर रहित रु ८०,०००/-(अक्षरेपी असी हजार रुवपैया मात्र) निधारण गरीयो भनि पेश भएको हुँदा उक्त प्रताव परित गर्ने निर्णय गरीयो साथै आगामी आ.व.को लेखा परिक्षण प्रतिवेदन अनुरोध गर्ने निर्णय समेत गरीयो ।

४) कम्पनीको प्रवन्ध संचालकको नियक्ति र पारिश्रमिक अनुमोदन सम्वन्धमा ।

कम्पनीको संचालक समितिको मिति २०७८/०३/२५ गतेको निर्णयवाट यस कम्पनीको दैनिक कार्यसंचालन लगायतका आवश्यक काम गर्नकालागी कम्पनीको सचालक सवैले समय दिन तथा काम गर्न सक्ने अवस्था नहुने भएको हुँदा कम्पनीको तर्फवाट आवश्यक निकायमा उपस्थित भई कम्पनीको तर्फवाट काम गर्नका लागी कम्पनीका .संचालक मध्ये श्री अभिज्ञा मल्लज्युलाई कम्पनीको प्रवन्ध संचालकमा नियक्त गरी निजको मासिक तलव भक्ता तथा अन्य सुविधा वापतमा रु ३०,०००/-मासिक कर सहित दिने गरी निर्णय भएको हुँदा सो निर्णयलाई साधारण सभावाट अनुमोदनको गरीयो भनि पेश भएको प्रसताव सर्वसम्वत रुपमा अनुमोदन गरीयो ।

५)	विविध ।

कम्पनीको वार्षिक साधारण सभामा अन्य थप विषय नभएकाले साधारण सभा समापन गरी दिनका लागी अध्यक्षलाई अनुरोध गर्ने र माइन्युट प्रमाणित गर्नका लागी कम्पनी अध्यक्ष तथा कम्पनी सचिवलाई अख्तियारी दिने निर्णय समेत गरीयो ।

५. **<u>साधारण सभाको समापन:</u>**

सञ्चालक समितिका अध्यक्षज्यूले शेयरधनी महानुभावले रचनात्मक सुझाव र सल्लाह दिई कम्पनीलाई मार्गदर्शन गरिदिनु भएकोमा धन्यवाद दिंदै शेयरधनीको सल्लाह र सुझाव अनुसार कम्पनीले आफ्नो कार्यमा क्रमश: सुधार गर्दै लैजाने विश्वास दिलाउनुका साथै सभामा उपस्थित भई सभा सुचारु रुपले सम्पन्न गर्न सहयोग गरिदिनु भएकोमा पुन: सवैलाई संचालक शेयरधनि महानुभाव तथा कमचारीहरु सवैलाई धन्यवाद दिंदै सभा समापन भएको घोषणा गर्नुभयो ।

(हरिवंश भण्डारी )
कम्पनी सचिव

(रामजि प्रसाद कोइराला )
अध्यक्ष